सामुदायिक सहायता सेवा योजना

- सेवा विवरण

युवा अपराधीहरूलाई सामूहिक परामर्श तथा रचनात्मक कृयाकलापहरूका माध्यमबाट कानूनको पालना गर्न तथा सामाजिक रुपमा स्वीकृत व्यवहारहरूको विकास गर्न सहायता गर्ने उद्देश्यले, डिसम्बर १९९४ मा सामाजिक कल्याण विभागको सामुदायिक सहायता सेवा योजना (CSSS) को स्थापना भएको।

- लक्षित समूह

a) परिक्षावधि आदेश, सामुदायिक सेवा आदेश अथवा सुधार पाठशाला आदेश अन्तर्गतका २५ वर्षभन्दा कम उमेरका युवा अपराधीहरू; तथा
b) उनीहरूका मातापिताहरू।

- आवेदन प्रक्रिया

सेवाका लागि आवेदन दिनलाई ग्राहकहरूले सुधार/आवास गृहका सामाजिक कार्य कर्मचारी, परीक्षावधि अधिकारी तथा आफ्टर केयर अधिकारीहरूसित सम्पर्क गर्न सक्नेछन्।

- सेवाको विषयवस्तु

1) परामर्श समूहहरू:
समस्या समाधान, भावनात्मक व्यवस्थापन, सामाजिक सीपहरू, मातापिता र बच्चाहरूवीचका सम्बन्धहरू, आदि;

2) सहायता समूहहरू:
युवा साथि-सहायता समूहहरू, मातापिता साथि-सहायता समूहहरू, आदि;

3) कार्यक्रमहरूः
स्वयंसेवा, कार्यशाला, गोष्ठी, खेलकुद तथा मनोरञ्जनात्मक कृयाकलापहरू, आदि।

- शुल्क तथा खर्चहरू

सबै कृयाकलापहरू निशुल्क हुनेछ।

- कार्यालय समय

सोमबार देखि शुक्रबारः

बिहान ८:४५ देखि बेलुका ६:०० बजे (शनिबार, आइतबार तथा सार्वजनिक विदाहरूमा बन्द रहनेछ)

- पत्राचार

Kwun Tong Community Support Service Centre,
Rm. 116, Kwun Tong Community Centre,
17 Tsui Ping Road,
Kowloon.
टेलिफोनः २३५७ ४१७६
फ्याक्सः २३४१ १०६९
इ-मेल ठेगानाः swdcsss1enq@swd.gov.hk

Tai Hang Tung Community Support Service Centre,
G/F., A03, Tai Hang Tung Community Centre,
17 Tong Yam St.
Shek Kip Mei,
Kowloon.
टेलिफोनः २७७९ ५४५३
फ्याक्सः २७८४ १२६६
इ-मेल ठेगानाः swdcsss2enq@swd.gov.hk

- अन्य सामाजिक सेवाहरूमा संलग्नता

योजनाका कर्मचारी तथा रेफर गर्ने अधिकारीहरूमाझ एउटा निड-टु-नो आधारमा निकट सम्पर्क तथा मुद्दाबारे आदानप्रदान कायम राखिन्छ। सर्वोत्तम पुनर्स्थापना नतिजा प्राप्त गर्नलाई लक्षित ग्राहकहरूका लागि एकबद्ध कल्याण उपचार योजना उपलब्ध गराउनका लागि सहयोगात्मक कार्यमा बढी जोड गरिन्छ।